फोन नं. ०३३५५०१०१

# मिर्चैया नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रामनगर मिर्चैया, सिरहा
२ नं. प्रदेश, नेपाल

पत्र संख्या:- ०७५/०७६
चलानी नं.:- ११०८

मितिः- २०७५/१२/११

---

**विषयः प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी हुनका लागि इच्छुक बेरोजगारहरुबाट निवेदन माग सम्बन्धमा ।**

श्री वडा समितिको कार्यालय (१ देखि १२ सबै)
मिर्चैया नगरपालिका ।

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५, को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५, को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५, को दफा १८ बमोजिम आगामि आ.व. २०७६/०७७ मा स्थानीय मातहतमा रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुको २०७५, चैत्र महिनामा आफू स्थाई बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूचि १ बमोजिम ढाँचा अनुसारको निवेदन २०७५, चैत्र मसान्त सम्ममा फर्म भर्न लगाई सोको एक हप्ता भित्र प्राप्त निवदेनहरु यस नगरपालिका कार्यालय भित्र रहेको रोजगार सेवा केन्द्रमा पठाईदिनु हुन अनुरोध छ ।

.............................................
राजेन्द्र प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

*नोट : थप आवश्यक जानकारीका लागि यस कार्यालयको रोजगार संयोजक श्री गणेश गुप्तासंग सम्पर्क राख्नु हुन अनुरोध छ । सम्पर्क नं. ९८४४२४३७५६, ९८१५७५६५६०*

## वडा कार्यालयहरुका लागि :

| क्र. स. | वर्गीकृत समूह | आदिवासी जनजाती |
|---|---|---|
| १. | विकसित समूह | नेवारी, थकाली |
| २. | सुबिधाबाट बन्चित समुह | मार्फाली, लिम्बु, जिरेल, गुरुङ, शेर्पा, ब्यासी, तिन्गाउंले, मगर, याक्खा, हयोल्मो, बाह्रगाउँले, राई, छन्त्याल, छैरोतन, तिमरा, शेगुलि |
| ३. | सीमान्तकृत समुह | सुनवार, राजवंसी, ताजपुरिया, मुगाली, थारु, गनगाई, पहरी, लार्के,तामाङ, धिमाल, तोप्केगोला, ल्होपा, भुजेल, भोटे, डोल्पो, दुरा, कुमाल, दराई, बलुङ, फ्री |
| ४. | अति सिमान्कृत समुह | माझी, थुदाम, सन्थाल, बोटे, सियार,चेपांग, धानुक, झागंड, दनुवार, ल्होमी, थामी, बरामु |
| ५. | लोपोन्मुख समुह | कुसुण्डा, सुरेल, किसान, कुसबाडिया, बनकरिया, हायु, लोप्चा, राउटे, राजी, मेचे |

- **अल्पसंख्याक जाति :** शेर्पा, दनुवार, चेपांग, घर्ति-भुजेल, कलवार, कुमाल, हजाम- ठाकुर, कानु, राजबंशी, सुनवार, सुढी, होलार, तत्मा, खत्वे, धोबी, माझी, नुनिया, काम्हार, हलुवाई, राजपुत, कायस्थ, बढइ, मारबाडी, सतार, धागर, बाँतर, बरइ, कहर,गनगाई,लोध, राजभर, थामी, धिमाल, भोटे, बिन, गडेरी, नुरंग, याख्या, दराई, ताजपुरिया, थकाली, चिडिमार, पहरी, माली, बंगाली, डोम, कमर, बोटे, गाइने, पन्जाबी-सिख , किसान, कोचे, धुनिया, वालुंग, मुन्डा, हलखोर, राउटे,पथरकट्टा, कुसुण्डा, नटुवा, खवास, घले, राजवोध, कोरी, डोल्पो, अमात, संग्पंग, लोहोरुंग ।
- समन्धित वडामा स्थाई बसोबास गर्ने १८-५९ उमेर समुहको बेरोजगार नेपाली नागरिकले दिएको बेरोजगार व्यक्तको दर्ता निबेदन समन्धित वडाले बुझ्ने ।
- वडा कार्यालयहरुमा दर्ता निबेदन चैत्र मसान्तभित्र लइसक्नुपर्ने ।
- वडा कार्यलयहरुले प्राप्त फारमहरु संकलन गरि बैसाखको पहिलो सातामा रोजगार सेवा केन्द्रमा बुझाउनुपर्ने ।
- बेरोजगार दर्ता लागि दिने निबेदनको ९ न. मा रहेको पारिवारिक सदस्य र रोजगारको अवस्था सम्न्धित विवरण भर्न कोठाहरु अपुग भएमा अतिरिकत A4 पपेर थपी सो संग सम्न्धित विवरण भर्न सकिने । (९ न. बुँदाको लागि मात्र)
- नागिरिकताको प्रमाणपत्र प्रतिलिपि एक प्रति समेत संलग्न गराई निवेदनसंगै लिने ।

*अन्य जानकारीको लागि मिर्चैया नगरपालिकामा रहेको रोजगार सेवा केन्द्रमा सम्पर्क राख्नुहुन अनुरोध छ ।*


रोजगार सेवा केन्द्र
गणेश गुप्ता
रोजगार संयोजक
मिर्चैया नगरपालिका, सिरहा
प्रदेश नं. २
९८४४२४३७५६, ९८१५७५६५६०